मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ ९ गते शुक्रबार ❑ 23 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## राइड शेयरिङ नियमावली खारेज नगरे यातायात नचलाउने व्यवसायीको चेतावनी

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ

गण्डकी प्रदेश सरकारले हालै ल्याएको राइड शेयरिङ नियमावली खारेज नगरे यही जेठ १५ देखि गण्डकी प्रदेशका सार्वजनिक यातायातका सवारी साधनहरु नचलाउने यातायात व्यवसायीले चेतावनी दिएका छन्।

पोखरामा विहिबार आयोजित बिरोध कार्यक्रममा बोल्दै यातायात व्यवसायीहरुले निजी क्षेत्रको खबौं लगानी जोखिममा पार्दै प्रदेश सरकारले ल्याएको उक्त नियमावली बिरुद्ध आफुहरु सडकमा उर्त्रिन बाध्य हुनु परेको बाउदै यही जेठ १४ गतेसम्म उक्त नियमावली खारेज नगरे जेठ १५ देखि सार्वजनिक यातायातका सवारी साधनहरु नचलाउने चेतावनी दिएका हुन्।

पोखरामा आयोजित बिरोध सभामा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वाँर, सार्वजनिक यातायात केन्द्रिय महासंघका अध्यक्ष डोलनाथ खनाल, महासचिव भरत नेपाल, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका बरिष्ठ उपाध्यक्ष सरोज सिटौला, महासचिव डेकनाथ गौतम, ४ मजदुर संगठनका नेता लगायतले राज्यले आफुहरुको व्यवसाय नै संकटमा पार्ने गरी कानून विपरित रातो प्लेटका सवारी साधनलाई यात्रु वोक्ने कानूनि मान्यता दिन गलत




भएकोमा जोड दिनु भएको थियो। गण्डकी प्रदेशबाट सुरु भएको उक्त आन्दोलन आफुहरुको माग पूरा नभए यसको स्वरुप परिवर्तन हुदै अन्य प्रदेश हुदै देशै भरी यसको प्रभाव पर्ने व्यवसायीले प्रदेश सरकारलाई चेतावनी दिएका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी प्रदेशका संयोजक केदार पौडेलले आफुहरुको माग यही जेठ १४ गते भित्र पूरा नभए आफ्ना सवारी साधनहरु ज्ेठ १५ गते देखि घर ग्यारेज गर्ने बताउनु भयो। यदि आफुहरुको माग सम्बोधन गर्ने बिषयमा प्रदेश सरकार गम्भिर नभए जेठ १६ गतेदेखि देश व्यापी रुपमा महासंघ केन्द्रको समेत समन्वयमा यातायात सेवा प्रभावित हुने महासंघ गण्डकीका सचिव योगेन्द्र बहादुर केसीले बताउनु भयो। आफुहरुको मागको बिषयमा महासंघ केन्द्रले समेत संघिय सरकारलाई ध्यानाकर्षण पत्र बुझाएको माग पूरा नभएसम्म अब आफुहरु आन्दोलनमा उर्त्रिनुको विकल्प नभएको व्यवसायीको भनाई छ। आफुहरुले अबौं लगानी गरेको यातायात क्षेत्रमा कमिसन र बिचौलियाको भरमा यात्रुलाई उच्च जोखिममा पार्दै प्रदेश सरकारले ल्याएको उक्त नियमावली खारेजी नभएसम्म आफहरुको आन्दोलन जारी रहने महासंघ गण्डकीले उल्लेख गरेको छ। महासंघ गण्डकीले विहिबार प्रदेश सरकारका प्रमुख सचिव रघुराम विष्टलाई ज्ञापन पत्र बुझाएको महासचिव केसीले बताउनु भयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको अनुपस्थितीमा उहाँलाई ज्ञापन पत्र पेश गरिएको उहाँले जनाउनु भयो। त्यसै गरी टोलीले भौतिक पूर्वाधार तथा यातायात व्यबस्था कार्यालयमा समेत ज्ञापन पत्र दिएको हो। यसैबिच, गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमावली जारी गरेसंगै पोखरा सहित गण्डकी प्रदेशमा संचालन गर्दै आएका राइडर्स र सेल्फ ड्राईभ सञ्चालकहरुले खुसि व्यक्त गर्नु भएको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई भेटेर उहाँहरुले नेपालमै पहिलो पटक गण्डकी प्रदेश सरकारले राईड सेयरिङ नियमावली जारी गरेकोमा धन्यवाद सहित खुसि व्यक्त गर्नु भएको हो। युवाहरुको रोजगारी र यात्रुको सस्तो, सहुलियत सुविधाको ग्यारेन्टी गरेको भन्दै राइडहरुले प्रदेश सरकारले ल्याएको नियमावली अनुसार आफुहरु संस्थागत रुपमा उक्त राइड सेयरिङ नियमावली पालना गर्दै सेवा संचालन गर्न तयार रहेको बताउनु भएको थियो। सेल्फ ड्राईभ सञ्चालक रमेशराज पाण्डेले सरकारले ल्याएको मापदण्ड भित्र रहेर सेवा दिन तयार रहेको बताउँदै उहाँले नेपालको पर्यटकीय राजधानीमा आन्तरिक तथा बाह्यपर्यटकलाई नियमकानूनभित्र रहेर सेवादिन पाउने ढोका खुलेको भन्दै मुख्यमन्त्रीलाई धन्यवाद दिनुभयो। राइडर्सहरुको कुरा सुनेपछि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारले यात्रुको सुरक्षा र सुविधालाई पहिलो प्राथमिकता दिएर नियमावली जारी गरेको बताउनु भएको थियो। 'यसले यातायात संचालन गरि रहेका ब्यवशायीलाई पनि घाटा हुँदैन'उहाँले भन्नुभयो 'भाडाका सवारी सञ्चालन गर्दै आएका कम्पनीलाई प्रोत्साहित गर्न दर्तामा छुट दिने नीतिलिइएको छ।'

## प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा गण्डकी प्रदेश प्रमुखसमक्ष प्रतिवेदन पेस

पोखरापत्र संवाददाता
पोखरा, ८ जेठ

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गण्डकी प्रदेश प्रमुखसमक्ष छैटौं वार्षिक प्रतिवेदन पेस गरेको छ।

आयोगका कार्यवाहक अध्यक्ष जुद्धबहादुर गुरूङ नेतृत्वको टोलीले बिहीबार प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष प्रतिवेदन पेस गरेको हो। नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम प्रदेश प्रमुख भट्टसमक्ष गुरूङले प्रतिवेदन हस्तान्तरण गर्नुभयो। प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख भट्टले नेपाल सानो क्षेत्रफलमा पर्याप्त प्राकृतिक स्रोत भएको देश भए पनि यसको उपयोगिताका सन्दर्भमा उचित नीति र योजना नहुँदा उपभोग गरी लाभ लिन नसकिएको उल्लेख गर्नुभयो। "मुलुकमा वित्तीय सङ्घीयता लागू गर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग आर्थिक पाटोतर्फ मेरुदण्ड पनि हो। वित्तीय आयोग वास्तवमा देशका बौद्धिक वर्ग पूर्वप्रशासक, अर्थशास्त्री, वित्तसँग राम्रो अनुभव भएका व्यक्ति, प्राकृतिक स्रोतसाधनलाई कसरी परिचालन गर्न सकिन्छ भन्ने ज्ञान भएका भएका विज्ञ सम्मिलित आयोग हो", भट्टले भन्नुभयो। प्रदेश प्रमुख भट्टले छ वर्ष कार्यकाल रहने आयोगका पदाधिकारीहरू कुनै दबाब, प्रभाव र राजनीतिक बाधा अड्चनमा नअल्झिकन जिम्मेवारी पूरा गर्नुपर्ने खाँचो औँल्याउनुभयो। "सबै आयोगहरुका प्रतिवेदन बुझ्दा, अध्ययन गर्दा समस्याहरू, कमीकमजोरीहरू औँल्याएको



पाएको छु। त्यसलाई सुधारका लागि प्रयास, सरोकारवालामाथि दबाब जति हुनुपर्ने हो नभएको हो कि ? भन्ने लाग्दछ", उहाँले भन्नुभयो। आयोगका कार्यवाहक अध्यक्ष गुरुङले आर्थिक वर्ष २०८१/०८२ का लागि सङ्घीय सञ्चित कोषबाट गण्डकी प्रदेश सरकारलाई सात अर्ब ६३ करोड र प्रदेशभित्रका स्थानीय सरकारलाई आठ अर्ब ९९ करोड वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस गरिएकामा नेपाल सरकारले सोहीबमोजिम बजेट विनियोजन गरेको बताउनुभयो। त्यसैगरी प्रदेशभित्रका स्थानीय सरकारलाई प्रदेश सरकारतर्फबाट एक अर्ब १६ करोड वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरिएको उहाँले उल्लेख गर्नुभयो। सरकारले सिफारिसबमोजिम बजेट विनियोजन गरे पनि प्रदेश तथा स्थानीय तहलाई महालेखा नियन्त्रकको कार्यालयले पूरै रकम हस्तान्तरण नगरेको गुरूङको भनाइ छ।

आर्थिक वर्ष ०८१/८२ मा गण्डकी सरकारले पेस गरेको वार्षिक बजेटमा एक अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखे पनि त्यसअघिको आर्थिक वर्षमा ऋण उठाउनका लागि परिचालन गरेको नदेखिएकाले आयोगले आशङ्का व्यक्त गरेको छ।

आयोगलाई सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तह तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई उपलब्ध गराइने वित्तीय समानीकरण अनुदान रकमका लागि सङ्घीय सरकार र प्रदेश सरकारलाई सिफारिस गर्ने अधिकार छ। सङ्घीय सञ्चित कोषबाट सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँट गर्ने, मानक र पूर्वाधारका आधारमा प्रदेश र स्थानीय तह सशर्त अनुदानको आधार तय गर्ने, प्रदेश सञ्चित कोषबाट प्रदेश सरकार र स्थानीय तहबीच राजस्व बाँडफाँट गर्ने, सङ्घ, प्रदेश र स्थानीय तहले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँडको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्नेजस्ता अधिकारसमेत छ।

## 'माओवादी केन्द्रप्रति जनतामा आशा पलाएको छ'

पोखरापत्र संवाददाता
बागलुङ, ८ जेठ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी केन्द्रप्रति जनतामा नयाँ आशा पलाएको बताउनुभएको छ।

मध्यपहाडी लोकमार्ग जनजागरण अभियानका क्रममा बागलुङको बुर्तिबाङ आउनुभएका उहाँले यहाँ आयोजित आमसभालाई सम्बोधन गर्दै पार्टी नयाँ गतिमा अगाडि बढिरहेको उल्लेख गर्नुभयो। मध्यपहाडी जनजागरण अभियानमा आमनागरिकको गुनासा र सुझाव ग्रहण गर्दै पार्टी अगाडि बढिरहेको बताउँदै अध्यक्ष दाहालले यो अभियानले देशमा




नयाँ राजनीतिक वातावरण बनाउने विश्वास व्यक्त गर्नुभयो। पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका उहाँले आगामी दिनमा राष्ट्रिय एकतालाई सुदृढ गर्दै किसान, मजदुरका, उत्पीडन वर्गका समस्या समाधानमा केन्द्रित हुने वातवरण बनाउने उल्लेख गर्नुभयो। आफू प्रधानमन्त्री हुँदा देशमा ठूला परिवर्तन भएको भन्दै अध्यक्ष दाहालले राष्ट्रिय गौवरको आयोजना मध्यपहाडी लोकमार्गसहित अन्य कतिपय योजना तत्कालीन समयमा थालनी गरेको दाबी गर्नुभयो।

मध्यपहाडी लोकमार्गले मध्यपहाडमा बस्ने लाखौँ जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याएको उहाँले विश्वास व्यक्त गर्नुभयो।

अध्यक्ष दाहालले भन्नुभयो, "नेपालमा स्वच्छ र स्वस्थ राजनीति गर्ने परिपाटीको विकास भएको छैन। अबमा दिनमा सबै राजनीतिक दल इमान्दारीपूर्वक जनताका पक्षमा केन्द्रित हुनुपर्ने जरुरी छ। पार्टीले सुरु गरेको मध्यपहाडी जनजगरण अभियानमा माओवादी केन्द्रप्रति जनताको आशा पलाएको पाएका छौं। यो यात्रा आमनागरिकको सुझाव ग्रहण गर्ने र पार्टीलाई मजबुत बनाउनका लागि हो।" पछिल्लो समय देशमा भ्रष्टाचार मौलाउँदै गएको बताउँदै उहाँले यसलाई न्यूनीकरण गर्न पार्टीले खबरदारी गर्दै आएको उल्लेख गर्नुभयो।

## 'देशको आर्थिक उन्नयनका निम्ति ऊर्जा क्षेत्रको विकास अपरिहार्य छ'

पोखरापत्र संवाददाता
दमौली, ८ जेठ /रासस

पूर्वऊर्जामन्त्री एवं नेपाली काङ्ग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले मुलुकको आर्थिक उन्नयनका निम्ति ऊर्जा क्षेत्रको विकास अपरिहार्य भएको बताउनुभएको छ।

निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको आज बिहान निरीक्षण गरेपछि उहाँले मुलुकमा उपलब्ध अपार जलस्रोतको अधिकतम उपयोग गरेर राष्ट्रलाई समृद्धिको मार्गमा अग्रसर गराउनुपर्छ भन्नुभयो। ऊर्जाका माध्यमबाट औद्योगिक विकासका साथै बिजुली बेचेर देशलाई समृद्ध बनाउन सकिने तथा विद्युतीय वाहनको प्रयोगबाट पेट्रोलियम पदार्थको आयात पनि घटाउन सकिने भएकाले ऊर्जामा आत्मनिर्भर हुन सघाउने तनहुँ जलविद्युत् आयोजना निर्धारित समयमा पूरा हुनुपर्नेमा उहाँले जोड दिनुभयो। पार्टी प्रवक्तासमेत रहनुभएका नेता महतले आयोजनाको प्याकेज र विद्युत्गृहको निरीक्षण गर्नुभएको थियो। उहाँलाई आयोजना प्रमुख श्यामजी भण्डारीले हालसम्म आयोजनामा भएका प्रगतिबारे जानकारी गराउनुभएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'मध्यपहाडी पुष्पलाल लोकमार्ग जनजागरण अभियान' अन्तर्गत शनिवार पोखरामा जनसभा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) पोखरा महानगर समितिले मध्यपहाडी पुष्पलाल लोकमार्ग जनजागरण अभियान" अन्तर्गत जेष्ठ १० गते शनिवार हुने जनसभामा पोखराबाट ५ हजार जना सहभागि गराउने दाबी गरेको छ।

महानगरको तर्फबाट पार्टी अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्ड सहितको टोलीलाई पोखरा २५ हेमजा मिलनचोकमा स्वागत सहित भेटघाट गर्ने भएको विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा महानगर कमिटिका अध्यक्ष हरिनारायण गिरी (विज्ञान) ले बताउनु भयो । पोखराको चिप्लेढुंगामा हुने उक्त कार्यक्रमलाई भव्य एवं सभ्य रुपमा सम्पन्न गर्न पोखराका ३३ वटै वडामा विभिन्न समितिहरु गठन गरी जिम्मेवार दिइएको पार्टीका कास्की इन्चार्ज नेत्रनाथ अधिकारीले बताउनुभयो । जेठ ३ गते विस्तारित बैठक सहिद पार्कको घनश्याम स्मृति कक्ष,



पोखरा-१७, सहिद चोकमा हालै सम्पन्न भएको महानगर समितिले जनाएको छ। बैठकले जनजागरण अभियानलाई भव्य बनाउन वडा नं. २५, हेमजा मिलनचोकमा अभियान टिमलाई स्वागत गर्ने निर्णय गरेको छ । यसैबिच, नेकपा माओबादी केन्द्र पोखरा महानगर सम्मेलन आगामी जेष्ठ २४ गते पोखरा सभागृहमा हुने भएको छ। जेठ २५ गते बन्द सत्र सहित छलफल हुने भएको सचिव जनकराज पराजुलीले बताउनुभयो । सम्मेलनमा पार्टी अध्यक्ष प्रचण्ड प्रमुख अतिथिको रूपमा सहभागी हुनेछन्। प्रतिनिधि छनोटका लागि प्रत्येक वडाबाट न्यूनतम ५ जना प्रतिनिधि र ३ जना पर्यवेक्षक, २० जना बराबर १ जना प्रतिनिधि पठाउने व्यवस्था गरिएको छ। प्रतिनिधि छनोटमा पार्टी विधान २०८० को भाग ७, धारा ३२(२) बमोजिम भूगोल, जनजाति, युवा, अल्पसंख्यक, एक दलित र एक महिला अनिवार्य समावेश हुनुपर्ने प्रावधान राखिएको छ।

हालसम्म ५ हजार ५ सय ८० पार्टी सदस्यहरूको नवीकरण भएको र सम्मेलनमा ५ सय ५० प्रतिनिधि र ९९ पर्यवेक्षक सहभागी हुने भएको समितिले जनाएको छ । महानगर समितिमा नयाँ सदस्य मनोनयनको निर्णय समेत गरेको छ। वडा सम्मेलनबाट निर्वतमान हुनु भएका मनोज रसाइली (वडा ११), गोविन्द घिमिरे (वडा १२), निर्मल आचार्य (वडा १६), शालिकराम देवकोटा (वडा १७), निर्मल वास्तोला (वडा १९), पूर्णदिप सिग्देल (वडा २१), नवराज बराल (वडा २२), पुरुषोत्तम सुवेदी (वडा २४), मेघराज भण्डारी (वडा २६), यज्ञ प्रसाद तिवारी (वडा २८), लालबहादुर सुनार (वडा २९) र कृष्ण प्रसाद तिमिल्सेना (वडा ३१) लाई महानगर समिति सदस्यमा मनोनयन गरिएको छ।

सम्मेलन तयारीका लागि व्यवस्थापन, आर्थिक, अतिथि सत्कार, प्रतिनिधि व्यवस्थापन, प्रतिवेदन लेखन, निर्वाचन सहजीकरण, सम्मान सिफारिस र स्वयंसेवक परिचालन उपसमितिहरू गठन गरिएको छ। यी उपसमितिहरूमा हर्कमान विश्वकर्मा, भानुभक्त अधिकारी, विमला पहारी, जनकराज पराजुली, निर्मला सुवेदी, शिवजी लामिछाने, अनिल परियार लगायतका कमरेडहरूलाई संयोजकको जिम्मेवारी दिइएको समितिले जनाएको छ। प्रेस स्वतन्त्रताका सेनानी कोमलनाथ बरालले जनताको हितमा माओबादी केन्द्रले काम गर्न सुझाव दिनुभयो।

# अमेरिकी राजदूत मुस्ताङमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ जेठ

नेपालका लागि अमेरिकी राजदुत डिन आर थम्पसन यहाँका सांस्कृतिक सम्पदाको अवलोकन गर्न यहाँ आइपुग्नुभएको छ। यहाँका सांस्कृतिक सम्पदाको सम्वर्द्धन तथा प्रवर्द्धन गर्ने उद्देश्यले उहाँ अवलोकन भ्रमणका लागि यहाँ आउनुभएको हो।

नेपालर अमेरिकाबीचको साझेदारीलाई बलियो बनाउन तथा दिगो पर्यटन, आर्थिक वृद्धि र सांस्कृतिक निरन्तरतामा योगदान पुऱ्याउने उद्देश्यले राजदुत थम्पसनले मुस्ताङको भ्रमण गर्नुभएको नेपालस्थित अमेरिकी दूतावासले जनाएको छ। राजदूत थम्पसनसहितको टोलीले अमेरिकी सरकारको सांस्कृतिक संरक्षण सम्बन्धी राजदूत कोष (एएफसीपी) को सहयोगमा जीर्णोद्धार गरिएका सांस्कृतिक सम्पदास्थलको भ्रमण गर्नुहुने अमेरिकी दूतावासले जनाएको छ । साथै सोही क्रममा राजदूत थम्पसनले स्थानीय समुदाय तथा परियोजना टोलीहरुसँग छलफल तथा अन्तरक्रिया गर्नुहुने बताइएको छ।

एएफसीपीमार्फत जीर्णोद्धार गरिएका सम्पदाको स्थलगत अवलोकनका क्रममा राजदूत थम्पसनले उपल्लो मुस्ताङमा शनिबारदेखि सुरु हुने तिजी पर्वको अवलोकन गर्ने कार्यक्रम रहेको दूतावासले जनाएको छ । उहाँले आज वारागुङ मुक्तिक्षेत्र-२ झोङस्थित गुम्बाको अवलोकन गर्नुभयो । एएफसीपीबाट जीर्णोद्धार सम्पन्न भएको झोङ गुम्बाको अवलोकनका क्रममा राजदूत थम्पसनले यहाँको समुदायको पहिचान एउटा जीवन्त हिस्सा भएको उल्लेख गर्नुभयो । जीर्णोद्धारसम्बन्धी कार्यबाट यहाँको धार्मिक तथा सांस्कृतिक पहिचानलाई जर्गेना गर्न टेवा पुग्ने उहाँको भनाइ थियो । मुस्ताङमा एएफसीपीमार्फत तीन परियोजनामा सहयोग प्राप्त भएको छ । राजदूत थम्पसनले आज भ्रमण गर्नुभएको झोङ गुम्बा, गोन्पा गाङ गुम्बा, लोघेकर गुम्बा (घर गुम्बा) तथा लोमान्थाङस्थित जम्पा ल्हाखाङ गुम्बा, थुप्चेन गुम्बा र छोडे गुम्बाको अवलोकन भ्रमण गर्नुहुने अमेरिकी दूतावासले जनाएको छ।

# युवा संघको महाधिवेशन प्रधानमन्त्रीले उद्घाटन गर्नुहुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

नेकपा (एमाले)निकट युवा संघ नेपालको दशौं राष्ट्रिय महाधिवेशन शुक्रबारदेखि पोखरामा सुरू हुँदैछ।

महाधिवेशनको पार्टी अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार मध्यान्ह १२:१५ बजे उद्घाटन गर्नुहुने कार्यक्रम छ । उहाँ बिहान ११:३० बजे पोखरा आउनुहुने तयारी छ।

प्रधानमन्त्री ओली, महासचिव शंकर पोखरेल, उपमहासचिव एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङ पनि शुक्रबार नै पोखरा आउनुहुने एमाले कास्की अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्रीले जानकारी दिनुभयो । जनसंगठन समन्वय संयन्त्र प्रमुखसमेत रहनुभएका स्थायी कमिटी सदस्य भानुभक्त ढकाल पोखरा आइसक्नुभएको छ।

महाधिवेशनको बन्द सत्र पोखरा सभागृहमा हुने युवा संघ नेपाल कास्की सचिव हिमाल गुरुङले जानकारी दिनुभयो । महाधिवेशनबाट अध्यक्ष, २ जना उपाध्यक्ष, महासचिव, उपमहासचिव र ४ जना सचिवसहित १ सय ५१ सदस्यीय कमिटी निर्वाचित हुनुहुनेछ । महाधिवेशनबाट अध्यक्षसहित सिंगो कमिटी सर्वसम्मत चयन गर्ने तयारी छ। महाधिवेशनका लागि देशभरबाट प्रतिनिधि पोखरा आउने क्रम जारी छ। जेठ ११ सम्म चल्ने महाधिवेशनका लागि देशभरबाट करिब २ हजार जना प्रतिनिधि हुनुहुन्छ।

# पोखरामा 'प्रधानमन्त्री कप' महिला तथा पुरूष भलिबल लिग सुरू

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

देशको पर्यटकीय राजधानी सहर पोखरामा बिहीबारदेखि नवौँ संस्करणको 'प्रधानमन्त्री कप-एनभिए महिला तथा पुरूष भलिबल क्लब लिग' सुरू भएको छ।

नेपाल भलिबल सङ्घको आयोजनामा पहिलोपटक राजधानी बाहिर पोखरा रङ्गशालाको बहुउद्देशीय कभर्ड हलमा खेल सञ्चालन भएको हो । प्रतियोगिताको युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले एक समारोहबीच उद्घाटन गर्नुभयो । प्रतियोगिताअन्तर्गत आजका खेलमा पुरूषतर्फ नेपाल पुलिस क्लब, टिपटप हेल्प नेपाल, गण्डकी प्रदेश र नेपाल एपिएफ क्लब विजयी भए । महिलातर्फ भने एभरेष्ट भलिबल क्लब र एपिएफले विजयी सुरूआत गरे । पुरूषतर्फ मणिमुकुन्द भलिबल क्लबलाई पुलिसले सोझो सेटमा हराउँदै विजयी सुरूआत गरेको



छ। पुलिसले २९-२७, २५-२० र २६-२४ ले जित दर्ता गर्न सफल भयो । हेल्प नेपालले त्रिभुवन आर्मीलाई सोझो सेटमा पराजित गर्न सफल भयो। हेल्प नेपालले ३०-२८, २५-२१ र २५-२० ले खेल जित्यो। घरेलु टोली गण्डकीले प्रतिस्पर्धात्मक खेलमा कोशी प्रदेशलाई ३-१ ले हरायो। गण्डकीले २५-१५, २५-२१, २५-२२ र २५-२० ले खेल आफ्नो पक्षमा पार्न सफल भयो। यसैगरी एपिएफले सुदूरपश्चिम प्रदेशलाई सोझो सेटमा हराएको हो। एपिएफ २५-१९,२५-१६,२५-१६ ले विजयी भएको थियो । महिलातर्फको खेलमा एभरेष्टले त्रिभुवन आर्मी क्लबलाई २२-२५, २५-१९, २५-१७ र २५-१३ ले हरायो। यसैगरी एपिएफ क्लबले कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा हरायो। एपिएफले २५-१०,२५-१०, २५-१५ को सहज जित निकालेको हो । प्रतियोगितामा पुरूषतर्फ आठ र महिलातर्फ छ टोलीले सहभागिता रहेको छ। पुरूषतर्फ हेल्प नेपाल स्पोर्टस क्लब, नेपाल एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, कोशी प्रदेश, गण्डकी प्रदेश भलिबल सङ्घ, सुदुरपश्चिम प्रदेश र मणिमुकुकन्द भलिबल क्लब बुटबलले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । यसैगरी महिलातर्फ नेपाल पुलिस क्लब, नेपाल एपिएफ, न्यू डायमण्ड युथ स्पोर्टस् क्लब, त्रिभुवन आर्मी, एभरेष्ट भलिबल क्बल र कर्णाली प्रदेश भलिबल टोलीको सहभागिता रहेको छ। प्रतियोगितामा महिला तथा पुरूष दुवैतर्फका उपाधि विजेताले नगद रू आठ लाखका दरले पुरस्कार पाउनेछन् । यसैगरी उपविजेताले समान रु चार/चार लाख तथा तृतीय हुने टोलीले समान रु दुई लाखका दरले पुरस्कार पाउने नेपाल भलिबल सङ्घका महासचिव रोशन श्रेष्ठले जानकारी दिनुभयो। यही जेठ १५ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई जनही नगद रु ५०/५० हजार र विद्यागत उत्कृष्ट खेलाडीहरूले जनही नगद रु २५/२५ हजार प्राप्त गर्नेछन्।

# गण्डकी प्रज्ञा प्रतिष्ठानमा ललितकला क्षेत्रको प्रतिनिधित्वको माग

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

गण्डकी प्रज्ञा प्रतिष्ठानको पदाधिकारीमा ललितकला क्षेत्रबाट एकजना पदाधिकारी अनिवार्य नियुक्त गर्नुपर्ने मागसहित ललितकला सम्बद्ध कलाकारहरूले बिहीबार गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको ध्यानाकर्षण गराएका छन्।

पहिलो गण्डकी प्रज्ञा प्रतिष्ठान गठन प्रक्रियामा ललितकलाकर्मीलाई उपेक्षा गरिएको भन्दै उनीहरूले दोस्रो गठन प्रक्रियामा ललितकलाकर्मीलाई अनिवार्य समावेश गर्नुपर्ने मागसहित ध्यानाकर्षण गराएका हुन्।

नेपाल कमर्सियल आर्टिष्ट सङ्घका अध्यक्ष रमेशकुमार राई, नेपाल व्यावसायिक कलाकार सङ्घका सहसचिव दिलीप बोहोरासहितका पदाधिकारी तथा कलाकारको टोलीले मुख्यमन्त्री पाण्डेसहित नीति तथा योजना आयोग गण्डकी प्रदेशका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटालाई भेटी ध्यानाकर्षणपत्र हस्तान्तरण गर्नुभयो।

यहाँ प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम प्राज्ञ/पदाधिकारी नियुक्तिका लागि सरकारले प्रक्रिया अघि बढाउँदै दरखास्त आह्वान गरेकामा ललितकलाका क्षेत्रबाट सरकारको ध्यानाकर्षण गराइएको हो।

# पोखरालाई 'खेलकुद हब' बनाउने गरी बजेट व्यवस्था गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ जेठ

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले पोखरालाई खेलकुदको हब बनाउने गरी आवश्यक पूर्वाधार निर्माण गर्न आगामी बजेटमा व्यवस्था गरिने बताउनुभएको छ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आज पोखरामा आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले पोखरा फुटबल मैदानको मर्मत सम्भार र क्रिकेट रङ्गशालाका लागि बजेट विनियोजन गरिने बताउनुभयो । "चालू आर्थिक वर्षमा पोखरामा खेलकुद पूर्वाधारका बजेट भएन, त्यसैले काम गर्न सकेनौँ। पोखरालाई खेलकुदको हब बनाउन पहिलेभन्दा बढी विनियोजन हुन्छ", मन्त्री चौधरीले भन्नुभयो । पोखरा




रङ्गशालामा धेरै खेलकुदका पूर्वाधार एकै ठाउँमा रहेकाले पोखरा 'स्पोर्टस् हब' बन्न सक्ने उहाँको भनाइ छ । "खेलकुद मन्त्रालयले पोखरालाई पूर्वाधार निर्माणका लागि प्राथमिकतामा राखेको छ", उहाँले भन्नुभयो । मन्त्री चौधरीले खेलाडी तथा युवाहरुलाई विदेशपलायन हुनबाट रोक्ने कार्यक्रम ल्याउन लागेको जानकारी दिनुभयो । खेलकुद क्षेत्रमा सामाजिक उत्तरदायित्वका कार्यक्रममार्फत यस क्षेत्रमा परिवर्तन ल्याइने उहाँले बताउनुभयो । खेलकुदमन्त्री चौधरीले दशौँ राष्ट्रिय खेलकुदका लागि पर्याप्त तयारी गरेर मात्र मिति घोषणा गरिने बताउनुभयो।

# भरतपुर विमानस्थलमा ठूला जहाज उडान गर्ने प्रयास

**रासस**
चितवन, ८ जेठ

भरतपुर विमानस्थलमा ठूला जहाजको उडानलाई निरन्तरता दिने प्रयास भइरहेको छ। विभिन्न एयरलाइन्सले बेलोबलामा ठूला जहाज उडान गरेपनि नियमित गरेका छैनन्।

केही महिनाअघि तामझामका साथ श्री एयरलाइन्सले परीक्षण गरेर ८० सिटे जहाज उडान सुरु गरेको थियो। तर, अहिले बन्द भएको छ। सन् २००५ बाट नियमित उडान गर्दै आएको बुद्ध एयरले ठूलो जहाज उडानको प्रयास सुरु गरेको हो । हाल ४७ सिटको एटिआर-४२ बाट उडान भर्दै आएको बुद्ध एयरले आज ७२ सिट क्षमताको एटिआर-७२ बाट परीक्षण उडान गरेको छ । भरतपुर विमानस्थलको धावनमार्गको लम्बाइ एक हजार २०० मिटर छ। एटिआर ७२ जहाजलाई सहज उडान र अवतरणका लागि कम्तीमा एक हजार ५०० मिटर धावनमार्ग आवश्यक पर्छ । एटिआर-७२ जहाजको अवतरणपछि क्याप्टेन प्रमोद थापाले सहज रुपमा उडान र अवतरण गर्न सकिएको बताउनुभयो। जहाजमा सँगै रहेका नागरिक उड्डयन प्राधिकरणका प्राविधिकको निर्देशनअनुसार आफूहरुले जहाज उडान र अवतरण गरेको प्रतिक्रिया उहाँले दिनुभयो ।सोही अवसरमा नेपाल नागरिक उड्डयन प्राधिकरणको उपमहानिर्देशक देवचन्द्रलाल कर्णले आजको परीक्षण उडानको सम्पूर्ण विवरण अध्ययन गरी निर्णयमा पुगिने बताउनुभयो । सम्भावना रहेमा दुई महिना भित्रमा नियमित उडान गर्न सकिने उहाँको भनाइ छ। बुद्धएयर भरतपुरका स्टेशन म्यानेजर भक्त बस्नेतका अनुसार हाल दैनिक सात उडान काठमाडौं-भरतपुर र एउटा भरतपुर-पोखरा एटिआर-४२ बाट उडान हुँदै आएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसल्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# गणतन्त्र पक्षधरको बेमेल: राजावादीको सक्रियता

संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर दलहरूबीच बेमेल भएको मौका छोपेर राजतन्त्र पक्षधर एक ठाउँमा उभिएका छन।बहुदलीय व्यवस्था मान्छौं भनेर संगठित भएका पुर्वपंचहरु फेरि दल छाडेका वयोवृद्ध पुर्वपंचलाई नेता मानेर युवालाई गणतन्त्रको विरोधमा उतार्न खोज्दैछन् । राजसंस्था पुनर्स्थापनाका लागि गठित आन्दोलन समितिका संयोजक नवराज सुवेदी छन । उनकै नेतृत्वमा १५ जेठबाट राजतन्त्र फर्काउन जनआन्दोलन सुरु गर्दैछन् । त्यस दिन सुवेदीसहित राजसंस्था पुनर्स्थापनाको पक्षमा उभिएका नेताहरू राजेन्द्र लिङ्देन, कमल थापा, केशरबहादुर विष्टसहित सक्रिय छन।१५ जेठबाट अनिश्चितकालीन जनआन्दोलन सुरु गर्ने निर्णय बैशाख १५ गते सुनाएका थिए ।

१५ जेठ त्यही दिन हो, जुन दिन गणतन्त्र घोषणा भएको दिन हो । १५ जेठ २०६५ मा गणतन्त्र घोषणा भएको थियो पहिलो संविधानसभाबाट । अनि, त्यही दिन गणतान्त्रिक सरकारले बजेट पनि प्रस्तुत गर्छ संसदमा । त्यही दिन पारेर राजावादी भने राजसंस्था पुनर्स्थापनाको आन्दोलन सुरु गर्ने निर्णय सुनाइरहेका छन् । राजावादीले सांकेतिक रूपमा त्यस दिनलाई रोजेको सहजै बुझ्न सकिन्छ । त्यसैले सुवेदीले २५ वैशाखमा भनेका थिए, '१५ जेठदेखि अनिश्चितकालीन जनआन्दोलन गर्ने हामी घोषणा गर्दछौं । हाम्रो आन्दोलन शान्तिपूर्ण हुनेछ । भद्र अवज्ञा र सत्याग्रह हाम्रो आन्दोलनको स्वरुप हुनेछ ।' १५ चैतमा काठमाडौंको आन्दोलन हिंसात्मक भएपछि धक्का खाएका राजावादी १५ जेठको आन्दोलन भने शान्तिपूर्ण बनाउने प्रचार गरेर हिंसात्मक अभिव्यक्ति दिएका छन। त्यतिबेला दुर्गा प्रसाईं र उनको कार्यकर्ताहरूका बंगलादेश बनाउने, श्रीलंका बनाउने र संसद भवन कब्जा गर्नेजस्ता उत्तेजक अभिव्यक्तिकै परिणामले १५ चैत हिंसात्मक भएको थियो ।

त्यही बुझेर हुन सक्छ, सुवेदीले भद्र अवज्ञा र सत्याग्रह आन्दोलनको स्वरुप हुने, कसैको विरोध नगर्ने बताएका थिए । तर, सुवेदीले त्यसो भनेको दुई हप्ता नपुग्दै राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले अराजक र हिंसात्मक अभिव्यक्ति दिन थालेका छन् । ६ जेठमा लिङ्देनले आफ्नो आन्दोलनपछि प्रधानमन्त्री केपी शर्मा ओलीलाई भाग्न हेलिकोप्टर दिने घोषणा गरेका छन् । राजतन्त्रको लागि आन्दोलन गर्नेको निशानामा राष्ट्रपति नपर्नु प्रधानमन्त्री भगाउने भाषण गर्नु हिंसात्मक बनाउने नियत देखिन्छ । आफूहरूले आन्दोलन गर्दा प्रधानमन्त्रीलाई नै भगाउने गरी आन्दोलन गर्न थालेको प्रचार राप्रपाका अध्यक्ष लिङदेनले गरेका छन् । जबकि १५ चैतको आन्दोलन तीनकुने घटनाका नामले चर्चित भएको छ, जहाँ दुई जनाले ज्यान गुमाएका थिए । करोडौंको भौतिक क्षति भएको थियो । राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र आवेगमा आएर उत्तेजक भाषण गरेकोमा बल्लतल्ल ५० दिनपछि सर्वोच्च अदालतबाट बन्दी प्रत्यक्षीकरणको रिट हालेर छुटेका छन् । राजावादीको सक्रियता संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधरको आपसमा बेमेल र खुट्टा तान्ने प्रबृत्तिले बढाएको हो ।

गणतन्त्र दिवस, २०८२ भव्यताका साथ मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको छ । १५ जेठको मुख्य कार्यक्रम सैनिक मञ्च टुँडिखेलमा मूल समारोह समितिको कार्यक्रम हुनेछ । प्रधानमन्त्री ओलीले गणतन्त्र दिवसलाई भव्यताका साथ जनस्तरमा समेत मनाउन आह्वान गर्दै यसलाई केवल औपचारिकतामा सीमित नराख्न आग्रह गरेका छन।सरकारी तवरबाट हुने कार्यक्रम झाराटारा हुने बुझेरै प्रधानमन्त्री ओलीले जनस्तरबाट मनाउन आग्रह गरेका हुन।विपक्षमा रहेका बेला पनि ओलीले गणतन्त्र दिवस, संविधान दिवस र लोकतन्त्र दिवसलाई युवालाई लक्षित गरेर गरेका थिए ।अहिले गणतन्त्र पक्षधर खुट्टा तान्न छाडेर सके संघीय लोकतान्त्रिक गणतन्त्रको लागि एक ठाउँमा उभिने नसके आ आफ्नै तरिकालेमाहौल बनाउन लागेमा राजावादीको मनोबल बढ्ने थिएन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# जुडो टोली बङ्गलादेश प्रस्थान

**रासस**
काठमाडौं, ८ जेठ

बङ्गलादेश क्रिरा सिखा प्रतिष्ठान (बिकेएसपी) जुडो च्याम्पियनसिपमा सहभागी हुन १२ खेलाडीसहित १४ सदस्यीय नेपाली टोली आज बङ्गलादेशको ढाका प्रस्थान गरेको छ ।

यही मे २५ र २६ तारिख (जेठ ११ र १२ गते) हुने प्रतियोगितामा सात पुरुष र पाँच महिला गरी १२ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । पुरुष ४५ केजीमुनि रिवाज लामा तामाङ, ५० केजीमुनि सभर पौडेल, ५५ केजीमुनि बुद्ध गुरुङ, ६० केजीमुनि सविनकुमार दियाली, ६६ केजीमुनि विशेष विक, ७३ केजीमुनि प्रयास तामाङ र ७३ केजीमाथि विज्ञान खत्री रहेका छन् । त्यस्तै महिला ४४ केजीमुनि समिता नेपाली, ४८ केजीमुनि निशा श्रेष्ठ, ५२ केजीमुनि विनिता नेपाली, ५७ केजीमुनि पेमा याङजी शेर्पा र ६३ केजीमुनि रेखा श्रेष्ठ छन् ।

सहभागी १२ खेलाडीमध्ये समिता, निशा, विनिता, पेमा र सविनसहित पाँच जना बन्दी सहायता नियोग (पाम)का हुन् । प्रशिक्षकमा राधादेवी राई र लक्ष्मी तामाङ रहेका छन् ।

राधाले प्रतियोगितामा निर्णायकको भूमिका पनि निर्वाह गर्ने नेपाल जुडो सङ्घका अध्यक्ष दीपकहर्ष बज्राचार्यले जानकारी दिनुभयो ।

टोलीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्कलाल घिसिङले यहाँ आयोजित एक कार्यक्रममा बिदाइ गर्नुभयो ।

# काठमाडौँमा 'दक्षिण एसिया क्षेत्रीय युवा कार्यशाला' सुरु

**रासस**
काठमाडौं, ८ जेठ

विभिन्न चार देशका युवा सहभागी 'दक्षिण एसिया क्षेत्रीय युवा कार्यशाला-२०२५' आजदेखि सुरू भएको छ । डिल्लीबजारमा तीनदिनसम्म सञ्चालन हुने गोष्ठीमा नेपालसहित भारत, पाकिस्तान र ताजिकिस्तानका १६ देखि २५ वर्ष उमेर समूहका २६ जना युवा सहभागी छन् ।

कार्यशालामा दिगो भविष्यका लागि हरित उद्यमको महत्त्व बुझाउँदै नयाँ पुस्तालाई सशक्त बनाउने उद्देश्यसहित दक्षिण एसिया क्षेत्रीय युवा कार्यशालाको आयोजना गरिएको कार्यक्रम उपसंयोजक छिरिङ डोल्मा लामाले बताउनुभयो । उहाँले भन्नुभयो, "कार्यशालाले युवालाई अन्तरराष्ट्रिय नागरिक समाज र सरकारी प्रतिनिधिलाई आफ्ना माग व्यक्त गर्न, दक्षिण एसियामा युवा सञ्जाललाई प्रवर्द्धन गर्न मञ्च प्रदान गरेको छ । यस कार्यशालाले हरित उद्यमको अवस्थाबारे जानकारी आदानप्रदान गर्नेछ ।"

उपसंयोजक लामाले 'हरित उद्यम र युवा सशक्तिकरणः राम्रो भविष्यका लागि एक पहल'को नारासहित कार्यशालाको आयोजना गरिएको बताउनुभयो । उहाँले जलवायु उत्थानशीलता, युवा सीप विकास र नीति पैरवीसम्बन्धी छलफलका साथै विविध विषयमा प्रस्तुतीकरण, अन्तरक्रियात्मक सत्र र नीति निर्माता तथा विज्ञहरूसँग छलफल गरिने जानकारी दिनुभयो । "हामीले अन्तिम दिन घोषणापत्र पनि सार्वजनिक गर्ने छौं, जसलाई सम्बन्धित देशका युवाले सरोकार भएका मन्त्रालय वा हरित उद्यमसम्बन्धी काम गरिरहेका सरकारी निकायमा बुझाउनु हुनेछ । यसले हामीलाई अन्य राष्ट्रमा भइरहेका गतिविधि र कार्यका बारेमा जानकारी गराउने छ । यसबाट हामीले युवालाई हरित उद्यमको चुनौती, हरित उद्यममा कृतिम बौद्धिक (एआई) को प्रयोग, जलवायु परिवर्तन र यसका असरलगायत विविध विषयमा जानकारी दिनेछौं", उपसंयोजक लामाले भन्नुभयो ।

उक्त कार्यशालामा नेपालबाट १२, भारतबाट आठ, पाकिस्तानबाट चार र ताजकिस्तानबाट दुई जना युवा सहभागी हुनुहुन्छ। बालबालिका तथा महिला सामाजिक सेवा र मानव अधिकार (सिविश) र टेरे डेस होम्स (टिडिएच) जर्मनीको सहकार्यमा आयोजना गरिएको उक्त गोष्ठी शनिबार समापन हुनेछ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १७ सिमलटुडा भुङ्गान तथा पानी व्यवस्थापन गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सिमलटुडा भुङ्गान तथा पानी व्यवस्थापन

ठेगानाः पोखरा-१७

योजना सम्झौता मितिः २०८१/०९/२८ गते

योजना शुरु मितिः २०८१/०९/२९ गते

योजना शुरु हुने मितिः २०८१/१०/०२ गते

योजना सम्पन्न भएको मितिः २०८१/११/१५ गते

योजनाको कुल लागतः रु.४,७०,७३०.१६

महानगरपालिकाबाटः रु.४,००,०००।-

जनसहभागिताबाटः रु.७०,७३०.१६

अध्यक्षः शुशिल पौडेल सम्पर्क नं.ः ९८५६०८६६८६

**सिमलटुडा भुङ्गान तथा पानी व्यवस्थापन उपभोक्ता समिति पोखरा-१७**

# पर्यटक आकर्षणको केन्द्र बन्दै लमजुङको 'राइनासकोट'

**अच्युत रेग्मी**
लमजुङ, ८ जेठ /रासस

पूर्वी लमजुङको राइनास नगरपालिका-९ मा रहेको राइनासकोट पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ ।

विसं २०७२ मा गएको भूकम्पबाट क्षति पुगेको राइनासकोटको गुरुङगाउँ पुनःनिर्माण गरेर घरबास (होमस्टे) सञ्चालन भएसँगै पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्न थालेको हो ।

राइनास होमस्टेबाट केही माथि रहेको राइनासकोटबाट देखिने अन्नपूर्ण, गणेश, मनास्लु, लमजुङ, माछापुच्छ्रेलगायत एक दर्जनभन्दा बढी हिमशृङ्खलाको रमणीय दृश्यले पर्यटकको मन लोभ्याउने गरेको छ । काठमाडौँबाट लमजुङको राइनासकोट पुग्नुभएका डा ज्योतिप्रसाद गजुरेलले यहाँको आतिथ्यता र ऐतिहासिक थलो राइनासकोट भ्रमणले आफूलाई आनन्द तुल्याएको बताउनुभयो । यहाँको हावापानी र सुन्दर, मनोरम दृश्यले पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक बढ्न थालेका उहाँको बुझाइ छ । उक्त डाँडाबाट गोरखाको पर्यटकीयस्थल बारपाक, लाप्राक, भच्चेक, पालुङटार, सिरानकोट, गोरखाबजार, तनहुँको आँबुखैरनी, डुम्रेबजार, बन्दिपुर, दमौलीलगायत गाउँहरू सजिलै देख्न सकिन्छ। लमजुङको सदरमुकाम बेँसीसहर, भोटेवडार, सुन्दरबजार, भोर्लेटार, दुराडाँडा र पूर्वीलमजुङका अधिकांश भागसमेत उक्त डाँडाबाट आँखै अगाडि देख्न सकिन्छ । स्थानीयका अनुसार उक्त स्थानबाट १८ जिल्ला देख्न सकिन्छ । यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्यसँगै देखिने हिमाल, चेपे र मर्स्याङ्दी नदी किनाराका फाँटका साथै नेपालका बाइसे-चौबिसे राजाको पालामा निर्मित ऐतिहासिक राइनासकोट किल्ला, यहाँस्थित कालिका, कोटेश्वर महादेव, थानीमाई मन्दिरलगायत थुप्रै ऐतिहासिक एवं सांस्कृतिक महत्त्वका स्थलले यहाँको गरिमा र महत्व चुलिएको छ । रागीनासको नामले परिचित यो ठाउँ पछि अपभ्रंश हुँदै राइनास बन्न गएको स्थानीय बताउँछन् । इतिहास अनुसार शाह वंशीय पहिलो राजा कुलमण्डनका कान्छा छोरा यशोब्रह्म शाहद्वारा स्थापित लमजुङ-राइनासकोट राज्यको पछि यशोब्रह्मका छोरा नरहरि शाहले थप सुदृढीकरण गरे भने द्रव्य शाहले चेपेघाट-लिगलिगको दौडमा विजय हासिल गर्दै १६१६ सालमा गोरखाका राजा भएका थिए ।

समुद्री सतहबाट एक हजार ७७४ मिटरको उचाइमा रहेको रमणीय राइनासकोट नेपालको महत्त्वपूर्ण ऐतिहासिक स्थल हो । यो गाउँमा प्राचीन मौलिकता जोगाउने गरी परम्परागत घुमाउने घरसँगै स्थानीयको कला, संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यका साथ गुरुङ सङ्ग्रहालयसमेत स्थापना गरिएको छ । लमजुङको गुरुङबस्ती रहेको राइनासकोटका १७ घरमा होमस्टे सञ्चालन गरिएका छन् । यहाँ एक रातमा एक सय जनासम्म मानिस सजिलै बस्न सक्छन् । राइनासकोट सामुदायिक होमस्टेका व्यवस्थापक शम्भु गुरुङले शुक्रबार र शनिबार यहाँ आउने पर्यटकको सङ्ख्या अन्य दिनको तुलनामा बढी हुने गरेको उल्लेख गर्नुभयो । "शुक्रबार र शनिबार ५० देखि एक सयजनाको सङ्ख्यामा होमस्टेमा बास बस्न आउनुहुन्छ । अरु दिन ५० देखि ८०कोहाराहारीमापर्यटकआउनुहुन्छ", उहाँले भन्नुभयो । होमस्टेमा आएका पाहुनालाई जानेवित्तिकै वेलकम ड्रिङ्क्स, खाजा, रातिको स्थानीयस्तरमा उत्पादित अर्ग्यानिक खाना र बिहानको खाजा उपलब्ध गराउँदै आइएको व्यवस्थापक गुरुङले बताउनुभयो । वैशाख १२ गते गएको विनाशकारी भूकम्पपछि यहाँ एकै खालका २० घर पुनःनिर्माण गरिएको छ। अमेरिकी नागरिक नतासाको सहयोगमा पुनःनिर्माण भएको उक्त ठाउँमा होमस्टे सञ्चालनसँगै पर्यटन प्रवर्द्धन गरिएको उहाँको भनाइ छ । राइनास नगरपालिकाका प्रमुख खड्गबहादुर गुरुङले राइनासकोटको पर्यटनलाई थप विकास गर्नका लागि नगरपालिकाले योजना बनाएर काम गरिरहेको बताउनुभयो । "होमस्टेलाईथपव्यवस्थितबनाउनका लागि स्थानीय तहमा उत्पादित खानालाई प्रोत्साहन गरिएको छ । होमस्टे सञ्चालनसम्बन्धी तालिम प्रदान गरेका छौँ", उहाँले भन्नुभयो ।

मौरीपालन, कुखुरापालन र तरकारीखेतीको विकासलाई नगरपालिकाले प्राथमिकता दिएको नगरप्रमुख गुरुङले जानकारी दिनुभयो । केन्द्र र प्रदेश सरकारको सहयोगमा हाल राइनासकोटमा पार्कसमेत स्थापना गरिएको छ। उक्त कोटमा रहेको मन्दिरलाई पुनःनिर्माण, पुरातात्विक सम्पदाको संरक्षण, पार्क तथा बाटो निर्माणमा स्थानीय सरकारले केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी काम गरिरहेको उहाँले बताउनुभयो । राइनासकोटबाट प्याराग्लाइडिङसमेत गरिँदै आइएको छ । चैत-वैशाखमा फूल्ने लालिगुँरास, फल्ने काफल र ऐँसेलुले पर्यटकलाई थप लोभ्याउने गरेको नगरप्रमुख गुरुङको भनाइ छ । "ग्रामीण जीवनशैली बुझ्न राइनास उपयुक्त छ । जहाँ खेतीपाती गरेको, ढिकी-जाँतो चलाएको, दूध दूहेको, मोही मोथेकोलगायत दृश्य देख्न सकिन्छ", उहाँले भन्नुभयो । काठमाडौँबाट एक सय ५५ किलोमिटर टाढा रहेको लमजुङको प्रवेशद्धार पाउँदीबजारबाट डेढ घण्टामा पुग्न सकिने राइनासकोटमा पछिल्लो समय काठमाडौँ, चितवन, पोखरालगायत सहरबाट मानिस घुम्न आउने गरेका छन् ।

# बागलुङका पाँच पालिका पूर्णखोप सुनिश्चित घोषणा

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ जेठ

बागलुङका पाँच स्थानीय तहलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपन भएका पालिका घोषणा गरिएको छ ।

जिल्लाको बागलुङ, गलकोट, ढोरपाटन र जैमिनी नगरपालिका तथा ताराखोला गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपन भएका पालिका घोषणा गरिएको हो । बागलुङ नगरपालिकामा जन्मेदेखि १५ महिना उमेर समूहका छ सय ६३ जना बालबालिकाले नियमित खोप लगाइरहेका र १६ देखि २४ महिना उमेर समूहका चार सय ४९ जनालाई खोप दिएपछि पूर्णखोप सुनिश्चित नगर बनेको स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले बताउनुभयो । नगरपालिकाका १४ वटै वडाका स्वास्थ्य संस्थामा खोपको सुविधा उपलब्ध गराएको उहाँले जानकारी दिनुभयो ।

गलकोट नगरपालिकामा जन्मेदेखि १५ महिनाका चार सय २७ जना बालबालिका र १६ देखि २३ महिनाका तीन सय २७ बालबालिकालाई खोप दिएपछि नगरलाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख सुशिल पौडेलले जानकारी दिनुभयो । पालिकामा १४ वटा स्वास्थ्य संस्था रहेका जनाउँदै उहाँले सबै संस्थाबाट खोप दिने व्यवस्था मिलाइएको बताउनुभयो । ढोरपाटन नगरपालिकामा जन्मेदेखि १५ महिना उमेर समूहका छ सय आठ बालबालिका र १६ देखि २३ महिना उमेर समूहका चार सय ५४ जना बालबालिकालाई खोप दिएपछि नगरलाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरिएको स्वास्थ्य संयोजक भुमिश्वर शर्माले बताउनुभयो । गत माघ १ गतेदेखि खोजपड्ताल कार्यक्रम सुरु गरिएको भन्दै गत चैत्र र गत वैशाखमा नौ वटै वडालाई पूर्णखोप सुनिश्चितता घोषणा गरेसँगै अहिले पालिकालाई घोषणा गरिएको उहाँले उल्लेख गर्नुभयो ।

जैमिनी नगरपालिकामा जन्मेदेखि १५ महिना उमेर समूहका तीन सय १३ र १६ देखि २३ महिना उमेर समूहका दुई सय २६ बालबालिकालाई खोप दिएपछि नगरलाई पूर्णखोप सुनिश्चितता पालिका घोषणा गरिएको स्वास्थ्य संयोजक गोविन्दप्रसाद शर्माले जानकारी दिनुभयो । जिल्लाको ताराखोला गाउँपालिकामा १५ महिना उमेर समूहका एक सय २३ जनाले नियमित खोप लगाइरहेका र १६ देखि २३ महिना उमेर समूहका ७० जनालाई खोप दिएपछि गाउँपालिकालाई पूर्णखोप सुनिश्चित घोषणा गरिएको पालिकाका स्वास्थ्य शाखा प्रमुख उदित थापाले जानकारी दिनुभयो । पलिकामा छ वटा स्वास्थ्य संस्था रहेका भन्दै ती सबैबाट खोप सेवा दिने व्यवस्था मिलाइएको उहाँको भनाइ छ । निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिका, काठेखोला गाउँपालिका, बडिगाड र बरेङ गाउँपालिका पूर्णखोप घोषणा हुन बाँकी छन् । यी पाँच पालिका घोषणा भएपछि बागलुङलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपन भएको जिल्ला घोषणा गरिने प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले बताउनुभयो । यही जेठ २५ गतेसम्म सबै पालिकामा खोप अभियान सम्पन गरी पूर्णखोप सुनिश्चितता तथा दिगोपन जिल्ला घोषणा गरिने उहाँको भनाइ छ ।

# रेशमा चियाको व्यावसायिक उत्पादन सुरु

**खेमराज गौतम**
बागलुङ, ८ जेठ /रासस



झाडी फाँडेर लगाइएको चियाले उत्पादन दिन थालेपछि यहाँका चिया किसान उत्साहित भएका छन् । बागलुङको काठेखोला गाउँपालिका-७ रेशमा २०७६ सालमा लगाइएको चियाले व्यावसायिक उत्पादन दिन थालेपछि किसान उत्साहित भएका हुन् ।

उहाँ समुदाय, सहकारी र विद्यालय मिलेर चियाखेती गरेका थिए । रेशको बौर, तिङरिङलगायतका ठाउँमा हाल १६२ रोपनी जग्गामा चियाखेती भइरहेको छ । गत वर्ष नमूनाका रूपमा परम्परागत शैलीबाट चिया उत्पादन गरे पनि यस पटक स्थानीयले चिया उत्पादन गर्ने उपकरण खरिद गरेका छन्भने ७० रोपनी जग्गामा लगाइएको चिया टिप्न थालिएको छ । थप सय रोपनी जग्गामा चियाका बोटहरू हुर्किरहेका छन् । पाँच वर्षमै चियाका बोटले पूर्ण रूपमै उत्पादन दिन थालेकाले हाल हप्तामा एक दिन चिया टिप्न थालिएको छ । चिया टिप्नेक्रम मङ्सिरसम्म जारी रहने छ । जनकल्याण आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डम्मरबहादुर थापाले ३५ रोपनी विद्यालयको जग्गामा चियाखेती गरिरहेको जानकारी दिनुभयो । रेशमा चियाको सुरुआत विद्यालयकै जग्गाबाट भएको बताउँदै उहाँले दाउरा बिक्री गर्ने पाखो हाल चिया बगान भएको बताउनुभयो ।

रेशमा साना किसान सहकारी संस्थाको अगुवाइमा चियाखेती विस्तार भइरहेको थापाले बताउनुभयो । उहाँका अनुसार विद्यालयले चियाका बिरुवासमेत उत्पादन गरेर बिक्री वितरण गरिरहेको छ । हाल उक्त सहकारीको ६७ रोपनी, स्थानीय नागरिकको ६० रोपनी तथा विद्यालयको ३५ रोपनी गरी १६२ रोपनी जग्गामा चियाखेती विस्तार गरिएको छ । जसमध्ये पहिलो चरणमा लगाइएको विद्यालय र स्थानीयको ७० रोपनी जग्गामा मात्रै चिया उत्पादन भइरहेको र अन्य स्थानका चियाका बिरुवा हुर्कंदै गरेको सहकारी संस्थाका अध्यक्ष उजेली शर्माले जानकारी दिनुभयो । काठेखोलागाउँपालिका-७रेशका वडाअध्यक्ष प्रेम लामिछानेले एक वर्षभित्रै चियाको निर्यात हुनेगरी चिया टिप्न थालिएको र चिया उत्पादन गर्ने उपकरणसमेत रु १८ लाख लागतमा स्थानीयले रकम सङ्कलन गरी खरिद गरेको जानकारी दिनुभयो । "सुरुमा ताराखोलाबाट बिरुवा लिएर रोपेका थियौँ, पछि सहकारीकै अगुवाइमा बिरुवा उत्पादन गरेका हौँ । सुरुमा गण्डकी प्रदेशको मुख्यमन्त्री नमूना कृषि कार्यक्रममार्फत किसानलाई चिया खेतीमा अग्रसरता दिलायो", उहाँले भन्नुभयो, "गत वर्ष परीक्षणका रूपमा हातले ग्रिन चिया उत्पादन गरेका थियौँ, तर व्यावसायिकता थिएन, हाल चियाको उत्पादनसमेत बढ्दो छ । आफैँ चिया बनाउने उपकरणले चिया उत्पादनमा व्यावसायिकता ल्याउन सहज भएको हो । ग्रिन चिया किलोकै दुई हजारभन्दा बढीमा बिक्री गर्न सकिन्छ, यहाँको विद्यालय, सहकारी र स्थानीयलाई झाडी फाँडेर लगाएको चियाले आयआर्जनमा सघाउनेछ ।" पाखोबारीमा लगाएको चिया राम्रो हुँदै गएपछि बसाइँसराइले उजाड बनेका खेतीयोग्य र उजाड जमिनमा पलाएका झाडी फाँडेर किसानले चियाखेती विस्तार गर्न थालेका छन् ।

चियाको बिरुवा राम्रो हुँदै गएपछि स्थानीयवासीले खाली भएका व्यक्तिगत तथा सार्वजनिक जग्गामा पनि खेती विस्तार गर्न थालेको अध्यक्ष लामिछाने बताउनुभयो । थप ५० हजार चियाका बिरुवा लगाउने योजना रहेको उहाँको भनाइ छ ।

चियाखेती थालेपछि गाउँमा चियाबगान अवलोकनका लागिसमेत पर्यटकहरू आउन थालेका छन् । छ वर्ष अघिसम्म वनमारा झारले ढाकिएको पाखो हाल चिया बगानमा परिणत भइसकेको छ । चिया बगान हेर्न, सामाजिक सञ्जाल फेसबुक/टिकटकमा दृश्य सार्वजनिक गर्न आन्तरिक पर्यटक रेशको चिया बगानमा आउने गरेका हुन् । यहाँ विभिन्न शैक्षिक कार्यक्रमअन्तर्गत अध्ययन-अनुसन्धान गर्न पनि विद्यार्थी आउने गरेका छन् ।

पर्यटकलाई थप आकर्षित गर्न र उपभोक्ताको आयआर्जन वृद्धि गर्न बिहूँको थामानेटामा समेत पहिलोपटक चियाखेती थालिएको काठेखोला गाउँपालिका-५ का वडाअध्यक्ष ज्ञामनाथ कँडेलले बताउनुभयो ।

# नयाँ पर्यटकीय गन्तव्य दुधेखोलाको कोप्रे झरनामा 'लभ्ली पार्क' निर्माण सुरु

**ध्रुवसागर शर्मा**
म्याग्दी, ८ जेठ/रासस

बेनी नगरपालिका वडा नं २ बगरफाँटमा रहेको कोप्रे झरनामा पर्यटकहरूको सुविधाका लागि ' पार्क'को निर्माण कार्य सुरु भएको छ । निर्माणाधीन उक्त पार्कलाई ' लभ्ली पार्क' नामकरण गरिएको छ ।

सदरमुकाम बेनी बजार नजिकको कोप्रे झरनामा पर्यटकको आगमन बढ्दै गएपछि उनीहरूको सुविधाका लागि पार्क निर्माण गर्न थालिएको हो ।बेनी नगरपालिकाको रु एक लाख ५० हजार लगानीमा पहिलो चरणमा जमिन सम्म्याउने काम सम्पन्न भएको झरना लभ्ली पार्क निर्माण समितिका अध्यक्ष नारायण कार्कीले बताउनुभयो । "सदरमुकाम नजिकै नयाँ पर्यटकीयस्थलका रूपमा विकास भएको कोप्रे झरनामा आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न बगैँचासहितको आकर्षक पार्क बनाउन लागिएको हो । बस्नका लागि आराम कुर्सीसहित ससाना केटाकेटी, युवायुवती र वृद्धवृद्धाहरूका लागि अनुकूल हुने संरचना निर्माण गर्ने योजना छ", अध्यक्ष कार्कीले भन्नुभयो ।

"चालु आर्थिक वर्षमा नगरपालिकाले जमिन सम्म्याउनका लागि मात्र बजेट विनियोजन गरेकाले उक्त बजेटको परिधिमा रही काम सुरु गरेका हौँ, आगामी आर्थिक वर्षमा पार्क निर्माण कार्यलाई पूर्णता दिन्छौँ", कार्कीले भन्नुभयो । पर्यटकको आगमन बढेसँगै उनीहरुलाई आराम गर्ने ठाउँको अभाव देखिएपछि कार्कीले आफ्नै निजी लगानीमा सत्तल र चौतारीसमेत निर्माण गर्नुभएको छ । कोरोनाकालमा पत्ता लागेको कोप्रे झरनामा त्यसपछिका वर्षहरूमा चहलपहल बढ्दै गएको हो । हाल उक्त स्थानमा दैनिक पचासदेखि दुई सय जना पर्यटक आउने गरेका स्थानीय पुरन घिमिरेले बताउनुभयो । उहाँका अनुसार शनिबार र बिदाका अन्य दिन कर्मचारी, व्यापारीलगायत पनि त्यहाँ रमाउन जाने गरेका छन् ।शिरानमा घना जङ्गल, पुछारमा नागबेली परेर बगेको म्याग्दी नदी, बीचमा कलकल बग्ने दुधेखोला गाउँको बेनी-बगरफाँट-भकिम्ली सडक नजिक अवस्थित यो झरना नजिक पार्क बनेपछि युवायुवती र बालबालिकामात्र नभइ जोकोहीका निम्ति मनोरञ्जनस्थल बन्ने बेनी नगरपालिका-२ बगरफाँटका युवा सज्जन जिसीले बताउनुभयो ।

खासगरी त्यहाँ भकिम्ली, ज्यामरुककोट, दुधेखोला, बगरफाँट र बेनीबजार आसपासका क्षेत्रबाट मानिस फोटो र भिडियो पुग्ने गरेका छन् । यो स्थान पछिल्लो समय बेनी बजारका बासिन्दाका लागि ' मर्निङ वाक' गर्नेको नयाँ गतव्य पनि बनेको छ । कोप्रे झरना पुग्दा आफूलाई आनन्द भएको मङ्गलाघाटका रमेश फगामीले बताउनुभयो । हिउँदमा केही सानो देखिने यो झरना वर्षामा भने निकै आकर्षक हुन्छ । कोप्रे झरनालाई त्यहाँ भ्रमण गर्न जाने कतिपय पर्यटकहरुले 'वर्षे झरना' पनि भन्छन् । भीरपहराबाट खस्ने झरना देख्दा मन नै फुरुङ्ग हुन्छ । घाम लागेका बेला इन्द्रेणी पर्ने झरनालाई हेँरिरहुँजस्तो लाग्छ । पहाडको टुप्पोबाट जमिनतिर एकनासले खसिरहने झरनाको चिसो पानीमा भिज्न पाउँदा निकै आनन्द आउने पर्यटकसँग अनुभव छ । यो झरना अङ्ग्रेजी अक्षर भी आकारको छ । सदरमुकाम बेनीबजारदेखि उत्तरतर्फ म्याग्दी नदी, पूर्व र पश्चिमतर्फको हरियाली फाँट, दक्षिणतर्फ घना जङ्गल रहेको यो ठाउँ प्राकृतिक सौन्दर्यले पनि भरिपूर्ण छ । यसलाई आन्तरिक पर्यटकीयस्थलका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेका बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो ।

कोप्रे झरनाका नजिक पानी उड्ने छहरा, एक सय २६ वर्ष पुरानो ऐतिहासिक घुमाउने चौतारो, बगरफाँटमा तीन रोपनी क्षेत्रफलको विशाल चट्टानमाथि निर्माण गरिएको आकर्षक देवीको मन्दिर, शिवालय, गुफालगायतका धार्मिक तथा पर्यटकीयस्थल पनि छन् । त्यहाँ पुग्ने प्रकृतिप्रेमी पार्क घमेर फर्कन वडाध्यक्ष कार्कीको विश्वास छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ बनपाले महेन्द्र मा.वि. जाने बाटो स्तरउन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः बनपाले महेन्द्र मा.वि. जाने बाटो स्तरउन्नती
ठेगानाः पोखरा-१९
योजना शुरु हुने मितिः २०८१/१०/१३ गते
योजना सम्पन्न हुने मितिः २०८२/०१/२५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०१/२५ गते
योजनाको कुल लागतः रु.२३,५२,९४१.१८
महानगरपालिकाबाटः रु.२०,००,०००|-
जनश्रमदानः रु.३,५२,९४१.१८
अध्यक्षः राम बहादुर सुनार सम्पर्क नं.: ९८४६३२४८९४
जम्मा सदस्य संस्थाः ७ जना, महिला सदस्य संख्याः ३

**बनपाले महेन्द्र मा. वि. जाने बाटो स्तरउन्नती उपभोक्ता समिति पोखरा-१७**


# पेस्तोलसहित दुई युवा पक्राउ

**रासस**
तनहुँ, ८ जेठ

पृथ्वीराजमार्ग सडकअन्तर्गत यहाँको आँबुखैरेनी गाउँपालिका-४ बेनिटारबाट बिहीबार पेस्तोलसहित दुई युवा पक्राउ परेका छन् ।

प्रहरीका अनुसार पक्राउपर्नेमा चितवन माडी नगरपालिका-७ गौरी नगर निवासी ३२ वर्षीय विजय तिवारी र नवलपरासी बर्दाघाट सुस्ता गैँडाकोट नगरपालिका-१२ हर्कपुर निवासी २५ वर्षीय मिलन ढकाल रहेका छन् । मुग्लिङबाट आँबुखैरेनीतर्फ आउँदै गरेको ना २८ प १५१९ को मोटरसाइकल जाँच गर्ने क्रममा अमेरिकामा बनेको ७७१ लेखिएको पेस्तोलसहित म्याग्जिन एक थान र गोली एक थान बरामद गरिएको हो ।

उक्त मोटरसाइकलको पछाडि सवार ढकालले बोकेको झोलाबाट पेस्तोलसहित दुई युवालाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो । यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# व्यास नगरपालिका पूर्ण खोप सुनिश्चित घोषणा

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ जेठ



व्यास नगरपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको छ । नगरपालिकाभित्रका बालबालिकालाई सबै खोप पूरा गरिएपछि नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता भएको पालिका घोषणा गरिएको हो ।

नगरपालिकाभित्रका १६ देखि ५९ महिनासम्मका सबै बालबालिकालाई खोप लगाएपछि बुधबार आयोजित एक कार्यक्रमका बीच पालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो । नगरपालिकाका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक लक्ष्मी गुरुङका अनुसार नगरपालिकाभित्रका १६ महिनादेखि २३ महिनाका दुई हजार ८२८ बालबालिकालाई सबै खोपको पहुँचमा ल्याइएको छ । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख एवं खोप समन्वय समितिका संयोजक शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा जगदीशचन्द्र पोखेलगायत वक्ताले पालिकालाई पूर्ण खोप सुनिश्चितता एवं दिगोपना सुनिश्चितताका लागि प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नुभएको छ ।

साथै राजनीतिक दलका प्रतिनिधि, स्वास्थ्यकर्मी, शिक्षक, विद्यार्थी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह, महिला सञ्जालले अभियानको दिगोपना कायम राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# 'स्थानीय आवश्यकता र मागका आधारमा बजेट विनियोजन गरिनुपर्छ'

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ जेठ

नेपाली काङ्ग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले बेथितिको अन्त्यका लागि अनावश्यक बजेट बाड्ने पद्धती हटाउनुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस तनहुँद्वारा आज वीपी स्मृति भवन दमौलीमा आयोजित समसामयिक विषयमा अन्तर संवाद कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले गर्न सकिएमाबेथितिअन्त्यगर्नसकिन्छ भन्नुभयो । प्रवक्ता डा महतले भन्नुभयो, "अब हरेक तहका नेतृत्वले जिम्मेवारी पुरा गर्नुपर्छ । सुधारिनुपर्छ भनेर आत्मसात गरी कर्तव्यबोध हुनुपर्छ । माथिल्लो तहदेखि तल्लो तहसम्मका नेतृत्व सुधारिन आवश्यक रहेको छ । "

केन्द्र सरकारले रु तीन करोडभन्दा कम बजेटको योजना स्वीकृत नगर्ने र प्रदेश सरकारले रु एक करोडभन्दा कम योजनाको काम नगर्ने प्रावधान बनाउन सकेमा मात्रै सुधारिन सहज हुने उहाँको विश्वास छ । उहाँले भन्नुभयो, "नेतृत्वप्रतिको अविश्वास र आक्रोस न्यूनीकरण गर्नुपर्छ र नेतृत्व पनि कर्तव्यबोध हुनसक्नुपर्छ । "

लोकप्रियताका लागि सामाजिक सञ्जाल हरेक पटक भ्रामक सूचना प्रवाहले छाएको निरासालाई हटाउन तीनै तहका नेतृत्व लाग्नुपर्नेमा उहाँको जोड थियो । उहाँले भन्नुभयो, "सबै पार्टीका नेतृत्व लोकप्रियताको पछि लाग्नु हुँदैन । भविष्यलाई मजबुत बनाउने गरी नेतृत्वले कर्तव्यबोध भएर काम गर्न सचेत हुनुपर्छ ।"


## गण्डकी मेडिकल कलेजको शैक्षिक भवन निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०२/०९**

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २७ मा गण्डकी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | गण्डकी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.<br>ठेगानाः पोखरा म.न.पा. वडा नं. २७, रिठेपानी<br>इमेलः principal@gmc.edu.np<br>फोन नं. ०६१-५८८५९५ |
| प्रस्तावको व्यहोरा | शैक्षिक भवन निर्माण तथा संचालन |
| प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका | कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २७ |
| प्रस्ताव सम्बन्धी विवरण | पोखरा महानगरपालिका वडा नं. १७, रिठेपानी मार्ग, रिठेपानी, कास्कीको कित्ता नं. ३४७, ३४८, ३४९, ३५० र ३५१ मा रहेको २१,५६१.५३ वर्ग मि. क्षेत्रफलमा निर्माण गरिने । |
| भवनको कुल निर्मित क्षेत्रफल (Total Built–up Area) | ११,८०८.१५ वर्गमिटर |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | गण्डकी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि.<br>ठेगानाः पोखरा म.न.पा. वडा नं. २७, रिठेपानी<br>इमेलः principal@gmc.edu.np<br>फोन नं. ०६१-५८८५९५ |
| परामर्शदाताको नाम र ठेगाना | SCEC Pvt. Ltd.<br>दरबारमार्ग, काठमाण्डौं<br>scecpvtltd@gmail.com |